# विचार

जो मानिस आफ्नो कर्तव्यदेखि टाढा भाग्छ, त्यसले आफ्नो लाभ पनि गुमाउँछ।
– थियोदर पार्कर

क्षीण शरीरले मस्तिष्कलाई पनि क्षीण बनाउँछ।
– रुसो

## सम्पादकीय

नेपाल समाचारपत्र

### हरेक क्षेत्रमा बेथिति

नागरिक अधिकार र शान्ति सुरक्षाका सवालमा मुलुक झन्–झन् दयनीय बन्दै गएको छ। अपहरण, बलात्कार र हत्या–हिंसाका घटना शृङ्खलाबद्धरुपमा भइरहँदा पनि सरकार निरीहजस्तै मुकदर्शक बनेको अवस्था छ। बलात्कारपछि हत्या गरिएकी कन्चनपुरकी निर्मला पन्तका बाबुआमा छोरीको न्याय माग्दै काठमाडौंमै आइपुग्दा पनि न्याय पाउन सकेका छैनन्। निर्मलालाई न्याय दिलाउन सिंगो जनमानस लाग्दा पनि राज्यबाट नै आलटाल भइरहेको महसुस गरिएको छ। साँच्चै भन्दा यतिखेर आममहिलाले त्राही–त्राही भएर बाँच्नुपर्ने अवस्था छ। स्थिर र बलियो सरकार हुँदा पनि भ्रष्टाचार निर्मूल हुनुको साटो झन् यसले प्रश्रय पाइरहेको छ। उता महँगीले आकाश छुन लागिरहेको छ। महँगी नियन्त्रण गर्नुपर्नेमा चाडबाडको मुखमा यातायात भाडा बढाएर सरकारले महँगीलाई झनै मलजल गरेको छ।

यता अपराधीलाई सजाय दिलाउन लागिपर्नुपर्ने प्रहरी आपराधिक घटनाका प्रमाणहरू नष्ट गर्न लागिपर्छन्। रोग पहिचान गर्ने, स्वास्थ्योपचार गर्ने, सशंकित रुपमा मृत्यु भएका लासको पोस्टमार्टम गर्ने अस्पतालका डाक्टर नै लोभलालचमा परी गलत रिपोर्ट तयार गर्छन्। बिरामी उपचारको क्रममा मरेमा आफ्नो गल्ती नै नहुनेजस्तो गरेर डाक्टरहरू आन्दोलन गर्छन्। त्यस्तै यातायात व्यवसायी, तरकारी बिचौलियाहरू आदि आफ्नो अनुकूल नीति नियम भएन भनेर आन्दोलन गर्छन्। शैक्षिक क्षेत्रमा पनि त्यस्तै छ। विद्यालयमा विद्यार्थीको हैन, शिक्षक र कर्मचारीको हक, तलब, सुविधाले नै प्राथमिकता पाउँछ। त्यसैका लागि हड्तालसमेत गरिन्छ। विद्यार्थीको हकहितको लागि भनेर कुनै शिक्षकले हड्ताल गरेको देखिँदैन। विद्यालयमा पहिलो हित त विद्यार्थीकै हुनुपर्ने होइन र ? यसरी सुरक्षा निकाय, विद्यालय, अस्पतालजस्ता स्थानमा मानवअधिकार विलुप्त भएपछि कसरी चल्छ मुलुक ? नागरिकको अधिकारको चर्चा भाषणमा मात्र सीमित भएको छ।

खै यहाँका हरेक नागरिकलाई न्याय, उचित शिक्षा, स्वास्थ्योपचार, जीवन निर्वाहको बाटो ? चुनावका बेला अनेक भाषण छाँटेर चुनाव जित्ने तर पछि जनताको अवस्था दयनीय बन्दै जाने। यही हो त यहाँको प्रवृत्ति ? कुनै पनि विषयमा सन्तोष लिने ठाउँ छैन। सर्वसाधारणको मनमा भित्रभित्रै आगो दन्किरहेको छ। यस्तै हो भने अब कुनै पनि दिन मनको आगो आन्दोलनका रुपमा बाहिर नदन्कला भन्न सकिन्न। त्यसैले अब सरकारले संवेदनशील बन्नै पर्छ। भ्रष्टाचार, बलात्कार, हत्या–हिंसा, जबरजस्ती, सर्वसाधारणको हित प्रतिकूलका कार्य गर्नेहरूलाई राजनीतिक खोल ओढाउने प्रवृत्ति रोक्नै पर्छ। आपराधिक क्रियाकलाप गर्नेलाई उन्मुक्ति दिँदै जाने हो भने उनीहरूको मनोबल बढ्न गई अरु अपराध बढ्ने निश्चित छ। त्यसैले अब विलुप्त भइरहेको नागरिक अधिकारको रक्षाका खातिर सरकार कडारुपमा उत्रनै पर्छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# वर्तमान सरकार र पार्टीभित्रको विवाद



डा. डीआर उपाध्याय

वर्तमान सरकारले सोचेअनुसारको काम गर्न नसकेको सत्तारुढ दलकै शीर्ष नेताहरूले बताउँदै आएका छन्। सत्तारुढ दलकै शीर्ष नेताहरू सरकारको विरोधमा बोलेपछि जनता निराश हुनु स्वाभाविक नै हो। अहिले जनता धेरै निराश छन। वर्तमान सरकारले देश र जनताको पक्षमा काम गर्न सकेको छैन। देशमा शान्ति सुरक्षा हुन सकेको छैन। मूल्य वृद्धि बढेको छ। विकास निर्माणका काम हुन सकेका छैनन्। जनतालाई चुनावका बेलामा जे कुरा बोलिएको थियो, अहिले ती कुरा पूरा हुन सकेका छैनन्। लामो लडाइँ लडेर यत्रो परिवर्तन ल्याइयो तर त्यसको परिणाम दिन भने दलहरूले सकेनन्। यही बेलामा कम्युनिस्टको दुई तिहाई बहुमतसहितको सरकार छ। तर यो सरकारले सोचेअनुसार जनताको काम गर्न नसक्नाले आलोचित बनेको अवस्था छ। अब सरकार सर्वसाधारणको हितका लागि तीव्र गतिका साथ अघि बढ्नुपर्छ।

जनताको काम हुन नसकेपछि जनतामा निराशा छाएको छ। सबैले सरकारको आलोचना गरिरहेका छन्। सरकारको आलोचना हुनु भनेको जनताको असन्तुष्टि हो। जनतामा असन्तुष्टि आउन दिनुहुँदैन। जनता असन्तुष्टि हुनु भनेको यो व्यवस्थामाथि नै खतरा हो। त्यसकारणले गर्दा राजनीतिक दलहरू र तिनका नेताहरू जनता र देशप्रति इमानदार हुनुपर्ने आवश्यकता देखिएको छ। जनताले अझै विकल्प खोजेका छैनन्। त्यो स्थिति आयो भने ठूलो खतरा हुने सम्भावना छ। धेरै शक्तिहरू यति बेला आफ्नो स्वार्थका लागि लडिरहेका छन्। सरकारले आफ्ना कमी-कमजोरीलाई सच्याएर अघि बढ्नुपर्ने बेला आएको छ अहिले। आजसम्म जे-जस्ता कमी-कमजोरी भएका छन्, ती सबै सच्याएर सरकारले काम गर्नुपर्छ। यो सरकारको विकल्प देखिँदैन र विकल्प खोज्नु पनि हुँदैन। पार्टीका वरिष्ठ नेताहरू माधव नेपाल, झलनाथ खनाल, नारायणकाजी श्रेष्ठ, बामदेव गौतमलगायतका नेताहरूले यो सरकारको विकल्प खोजिरहेको देखिन्छ। त्यो स्थिति आयो भने मुलुकमा संकट निम्तिन सक्ने खतरा देखिएको छ। सरकारले जनताको काम नगर्दा स्थिति बिग्रँदो छ। स्थिति बिग्रन दिनुहुँदैन।

अहिलेको बेथिति सुधारका लागि पार्टीभित्र गम्भीर छलफल चलाउनुपर्छ। सरकारको आलोचना गर्नै हुँदैन भन्ने होइन, आलोचना पनि गर्नुपर्छ। किनकि यो लोकतन्त्र हो। सरकारको आलोचना भएन भने सरकार निरंकुश हुन सक्छ। सरकारलाई निरंकुश हुन दिनुहुँदैन। सरकारले जनताका कुरा सुन्न सिक्नुपर्छ। अहिलेको अवस्थामा सरकार दुई तिहाइको दम्भ देखाएर बसिरहेको छ। यो पाराले देशको विकास र समृद्धि सम्भव छैन। देशको विकास र समृद्धिका लागि इच्छाशक्तिको खाँचो हुन्छ। त्यो अहिलेसम्म सरकारमा देखिएन। यतिखेर नेकपामा धेरै समस्या आएको संकेत देखिन्छ। मुलुकको ठूलो पार्टी नेकपामा विवाद हुनु भनेको देशको राजनीतिमा नै उथलपुथल आउनु हो। ठूलो पार्टी भएपछि समस्या हुनु स्वाभाविक हो। यसलाई स्वाभाविकरूपमा लिनुपर्छ। नेकपाको जिल्ला-जिल्लामा विवाद छ। विवादले समस्या समाधान हुन सकेको छैन। यस्तो भएपछि यो पार्टी कसरी बलियो हुन्छ ? झलनाथ खनालले भन्नुभएको छ- यो डुंगा पल्टिन सक्छ। दुर्घटना हुन सक्छ। आखिर के छ रहस्य ? जनताले बुझ्न चाहेका छन्।

पार्टी मिल्ने तर पद नमिल्ने भएपछि फुट्ने परम्परा कम्युनिस्ट पार्टीमा हुने गरेको छ। अहिले पनि यही अवस्था आइपरेको हो भने मुलुकको लागि ठूलो दुर्भाग्य हो। अवश्य पनि पार्टीभित्र विचार र कार्यशैलीमा विविधता हुन्छ, बहस हुन्छ, छलफल हुन्छ। यो जरुरी कुरा पनि हो। तर पार्टीले सरकार चलाउनुपर्नेमा उल्टो सरकारले पार्टी चलाउन थाल्यो भने समस्या आउन सक्छ। त्यसैले यस विषयमा भने सत्ताधारी पार्टी संवेदनशील बन्नै पर्छ। माओवादी केन्द्र र एमाले पार्टी मिलेर ठूलो पार्टी नेकपा बन्यो। अब यो पार्टीलाई कसरी चलाउने, नेता-कार्यकर्ताको व्यवस्थापन कसरी गर्ने भन्ने विषय नै मूल कुरा हो। तल्लो तहदेखि माथिको तहसम्म पदको विषयलाई लिएर पार्टीभित्र ठूलो विवाद हुँदै आएको छ। विधि, प्रक्रिया र मापदण्डका आधारमा पार्टी चलाउने काम तलसम्म भयो भने पार्टी बलियो बन्ने कुरा निश्चित छ। यदि विधि, प्रक्रिया सबै कुरा मिचेर नेतृत्व अघि बढ्यो भने निश्चितरुपमा पार्टी कमजोर हुन्छ। शुरुवाती दिनमा यो पार्टीको जनताले ठूलो आश पनि गरेकै हुन्। त्यसमाथि पार्टीले सरकार पनि चलाएको छ। सरकारप्रति जनता त्यति सन्तोष छैनन्। सरकारले जनभावनाअनुसार काम गर्न नसकेकै हो। देशमा महँगी बढेको छ। भ्रष्टाचार मौलाएको छ। सुशासन कायम हुन सकिरहेको छैन। देशमा व्यवस्था धेरै बदलियो, जनताको अवस्था बदलिन सकेको छैन। जनताको अवस्था धेरै नाजुक बन्दै गएको छ। सरकारले कुरा मात्र गर्ने, काम नगर्ने हो भने विकास र समृद्धिको सपना सबै चकनाचुर हुनेछ। सबैभन्दा पहिला पार्टी बलियो हुन जरुरी छ। पार्टी एकताबद्ध भएर अघि बढ्नुपर्छ। भावनात्मक एकताको सन्देश दिन पार्टीले सक्नुपर्छ। त्यसो भयो भने मात्र नेकपा बलियो हुन्छ।

पार्टी मिल्ने तर पद नमिल्ने भएपछि फुट्ने परम्परा कम्युनिस्ट पार्टीमा हुने गरेको छ। अहिले पनि यही अवस्था आइपरेको हो भने मुलुकको लागि ठूलो दुर्भाग्य हो। अवश्य पनि पार्टीभित्र विचार र कार्यशैलीमा विविधता हुन्छ, बहस हुन्छ, छलफल हुन्छ। यो जरुरी कुरा पनि हो। तर पार्टीले सरकार चलाउनुपर्नेमा उल्टो सरकारले पार्टी चलाउन थाल्यो भने समस्या आउन सक्छ।

केपी, प्रचण्ड, माधव, झलनाथ, बामदेव, नारायणकाजीबीचको भावनात्मक एकता बलियो बन्यो भने पार्टीको भविष्य उज्ज्वल छ। यी नेताहरूबीच विवाद र ध्रुवीकरण बढ्दै गयो भने पार्टीको भविष्यमाथि प्रश्न उठ्ने निश्चित छ। पार्टी भनेको समूह हो, व्यक्ति होइन। पार्टी व्यक्ति-व्यक्ति मिलेर निश्चित सिद्धान्तको आधारमा बनेको हुन्छ। पार्टीको निर्णय सामूहिक हुन्छ। संस्थागत ढंगले निश्चित विधि, पद्धति र मापदण्डका आधारमा पार्टी अघि बढ्ने हो भने पार्टीभित्रको सम्पूर्ण समस्याको समाधान हुन्छ। अहिले विधि, प्रक्रिया, पद्धति र मापदण्डका आधारमा पार्टी नचलेको गुनासाहरू नेता-कार्यकर्ताबाट आउन थालेका छन्। अब पार्टीलाई बलियो बनाएर लैजानुपर्ने आवश्यकता नेतृत्वसामु देखिएको छ। यो पार्टी कमजोर बन्दा लोकतन्त्र कमजोर बन्ने खतरा बढ्न सक्छ। लोकतान्त्रिक शक्तिहरू कमजोर बन्नुहुँदैन र कमजोर बनाइनु पनि हुँदैन। अहिले धेरै शक्तिहरू यो व्यवस्था असफल बनाउने खेलमा लागिरहेका छन्। त्यसकारणले पनि लोकतन्त्रवादी शक्तिहरू चनाखो बन्नुपर्ने आवश्यकता देखिएको छ। तराई मधेस केन्द्रित दलहरू संविधान संशोधन र रेशम चौधरीको रिहाको विषयलाई प्रमुख मुद्दा बनाएर अघि बढ्ने सोचमा छन्। सरकारलाई दिएको समर्थन पनि फिर्ता लिने कुरा गरिरहेका छन्। विप्लव माओवादी अर्धभूमिगत शैलीमा आफ्ना गतिविधि चलाइरहेको छ। सरकारले वार्ताको आह्वान गरे तापनि विप्लव समूहदेखि कुनै पनि असन्तुष्ट समूह औपचारिकरुपमा वार्तामा बसेको अवस्था देखिँदैन। यो पनि एउटा समस्या हो। कुनै पनि समस्याको समाधान वार्ताको माध्यमबाट नै हुन्छ। दश वर्षसम्म युद्ध लडेको तत्कालीन माओवादी त वार्ताको माध्यमबाट शान्तिपूर्ण राजनीतिक मूलधारमा आयो भने अरु नआउने कुरै छैन। अन्तिममा समस्याको समाधान नै वार्ता हो। अब दलहरू मिलेर जानुपर्ने आवश्यकता देखिएको छ। लोकतन्त्रवादी शक्तिहरू मिल्नुको विकल्प छैन। विगतमा पनि मिलेर नै यति धेरै उपलब्धि प्राप्त भयो। प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न पनि लोकतन्त्रवादी शक्तिहरू सहकार्यको राजनीतिमा अघि बढ्नुपर्छ। यो नै आजको आवश्यकता हो। सरकारले जनताको भावनाअनुसार काम गर्दै जानुपर्छ। किनभने जनतामा निराशा आयो भने लोकतन्त्र खतरामा पर्न सक्छ। सरकारले जनतामा आशा जगाउने खालका काम गर्नुपर्छ। त्यसो भयो भने मात्र सरकार सफल हुन्छ। सरकार असफल बनाउने काममा केही तत्व लागिरहेका पनि छन्। यो सरकार असफल हुनुहुँदैन। यो सरकारले नै पूरै अवधि सरकार चलाउनुपर्छ। अर्को सरकार विकल्प हुन सक्दैन। सरकार तल-माथि भयो भने लोकतन्त्रमाथि नै खतरा हुन सक्छ। यस कुरामा कम्युनिस्ट पार्टीसहित अन्य पार्टीले समेत ध्यान दिनुपर्ने देखिन्छ।

## पाठक पत्र

### सरकार दृढ भएर काम गरोस् ?

यति बेला नेपालको इतिहासमै सबैभन्दा बलियो दुई तिहाइ बहुमत प्राप्त सरकार गठन भएको सात महिना पूरा भइसकेको छ। जनताका चुलिएका इच्छा आकांक्षाहरूलाई सम्बोधन गर्न यो समय पक्कै पनि पर्याप्त होइन तर सरकारको गतिविधि र बाटो तय हुने समय पक्कै हो। अवधिका हिसाबले सरकारको कार्यकाल झन्डै साढे चार वर्ष बाँकी छ। तर बिहानले दिनको मौसमको संकेत गरेजस्तै विगत सात महिनाको मूल्यांकन गर्दा सन्तोष मान्नुपर्ने अवस्था छैन। यसबीचमा राष्ट्रलाई हानि पुऱ्याउने अन्तर्राष्ट्रिय सन्धि सम्झौता भएका छैनन्। बरु उत्तरी नाका थप खोल्ने, पारवहन सुविधा विस्तारित गर्ने कामहरू भएका छन्। यी कामहरू नि:सन्देह सकारात्मक छन्। कूटनीतिक सम्बन्धका दृष्टिले यो सात महिनालाई उपलब्धिमूलक नै मान्नुपर्ने हुन्छ।

राष्ट्रियरुपमा सरकारले आफ्ना काम कारबाहीहरूमा प्रभावकारिता देखाउन नसकेको तीतो सत्यलाई सरकारमा बस्नेहरूले समेत स्वीकार्न सक्नुपर्छ। सरकार आफैंले शुरु गरेका सकारात्मक कामहरूलाई निरन्तरता दिन सकिरहेको छैन। कतिपय अडानहरूबाट आफै पछाडि हटेको अवस्था छ। दुई तिहाइ बहुमत प्राप्त सरकार बने पनि जनताले सुशासनको अनुभूति गर्न पाएका छैनन्। राज्य संयन्त्रले नै ठीक ढंगले काम गर्न नसकेको अनुभूति धेरैले गर्न थालिसकेका छन्। हत्या, हिंसा, बलात्कारका घटनाहरू घट्नुको साटो बढिरहेका छन्। घूस, भ्रष्टाचार, तस्करीमा कुनै कमी आएको छैन। समग्रमा जनताले सुशासनको अनुभूति गर्न पाएका छैनन्।

कञ्चनपुरकी बालिका निर्मला पन्तको बलात्कारपछिको हत्याको घटनाका अपराधीहरू अझै पत्ता लाग्न सकेका छैनन्। प्रहरीले घटनास्थलका प्रमाणहरू नष्ट गरेर घटनालाई रहस्यमय बनाएको छ। एउटै घटनामा दुई प्रकृतिका आपराधिक प्रवृत्ति देखिएका छन्। तर गृह प्रशासनले निकम्मापन देखाइरहेको छ र यति बेला उसको भूमिकाको सर्वत्र आलोचना भइरहेको छ। गृहमन्त्रीको बोली लर्बराएकोले सरकारको निरीहता छरपस्ट भएको छ। यस्तो परिस्थितिमा सरकारको आलोचना हुनुलाई कसैले पनि अस्वाभाविक मान्नुहुँदैन। साथै यस्तो आलोचनालाई नकारात्मकरुपमा लिनुहुँदैन। सुधार गरेर वा सच्याएर जानका लागि यस्ता आलोचनाले सकारात्मक दिशानिर्देश गर्ने काम गर्दछन्।

*-विकास कार्की, जावलाखेल।*

### मुटुरोग जटिल बन्दै छ

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वमा बर्सेनि करिब २ करोड मानिसको हृदयघात र मुटुसम्बन्धी समस्याका कारण मृत्यु हुने गरेको छ। नेपाललगायत विकासोन्मुख देशहरूमा मुटुरोगीको संख्या दिनानुदिन बढ्दै गएको छ। नेपालमा हाल २५ प्रतिशत मानिस मुटुरोगबाट पीडित रहेको अध्ययनले देखाएको छ। यही अनुपातमा हेर्ने हो भने नेपालमा झन्डै ७६ लाख मानिसमा कुनै न कुनै प्रकारको मुटुरोग लाग्ने गरेको छ। चिकित्सकहरूका अनुसार धूमपान तथा मद्यपानको सेवन, धेरै चिल्लो, पिरो, बोसो, भुटेतारेका खानेकुरा र मानिसको जीवनशैलीमा आएको व्यापक परिवर्तनले गर्दा मुटुरोग लाग्ने गरेको छ। उपरोक्त शैलीमा सुधार गरी सकभर मासु कम खाने, सागपात बढी खाने र दैनिक शारीरिक व्यायाम गर्दा मुटुरोगबाट बच्न सकिन्छ। तर, पछिल्लो समय मानिसको जीवनशैलीकै परिवर्तनले नेपालमा मुटुरोग जटिल र भयानक बन्दै गइरहेको छ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को प्रतिवेदनअनुसार अस्वस्थकर जीवनशैली, अनियमित खानपान, वंशाणुगतजस्ता कारणले मुटुरोग लाग्छ। मुटुसम्बन्धी रोगकै कारण विश्वभर बर्सेनि १ करोड ७३ लाखभन्दा बढी मानिसले ज्यान गुमाउने गरेको अवस्था छ। नेपालमा मात्रै बर्सेनि ३ हजार ३३८ जनाको मृत्यु हुने गरेको तथ्यांक छ। नेपालमा मुटुरोग बढ्नुमा नेपाली आकाशमा घोलिएको विषाक्त हावालाई कारक मानिएको छ। वायु प्रदूषणले गर्दा नेपालमा बर्सेनि ९२३ जना फोक्सोको क्यान्सर, १ हजार ७७० जनामा दम र ७४० जनामा तल्लो श्वासनलीको संक्रमण हुने गरेको छ। यी सबैका कारण बर्सेनि ९ हजार ९४३ जना नेपालीको अकालमा मृत्यु हुने गरेको पनि डब्लुएचओ प्रतिवेदनमा उल्लेख छ।

नेपाल हृदय रोग निवारण प्रतिष्ठानका अनुसार नेपालमा मुटुरोगीको संख्या १० वर्षयता पाँच गुणाले वृद्धि भएको छ। नेपालमा हृदयघातसँगै उच्च रक्तचाप र मधुमेहजस्ता घातक रोग तीव्र गतिमा बढिरहेको छ। विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०२० सम्ममा नेपाललगायत विकासोन्मुख राष्ट्रमा हृदयघात भएर मर्नेको संख्या ३५ प्रतिशतभन्दा बढी पुग्ने अनुमान गरिएको छ।

मुटु हाम्रो शरीरको अत्यन्त महत्वपूर्ण र संवेदनशील अंग हो। मानिस स्वस्थ रहन मुटु पनि स्वस्थ हुनु अनिवार्य छ। अस्वस्थ जीवनशैलीसँगै धूमपान, मोटोपना, शारीरिक अभ्यासको कमी, असन्तुलित आहार, अल्छीपना, फास्ट फुडको अत्यधिक प्रयोग र मानसिक तनावले गर्दा पनि मुटुरोग लाग्ने चिकित्सकहरू बताउँछन्।

विश्वभरका सरकार प्रमुख एवम् स्वास्थ्य संगठनहरूले सन् २०२५ सम्म नसर्ने रोगहरूलाई २५ प्रतिशत कम गर्ने दिगो लक्ष्य राखेका छन्। तर, सन् २०२० सम्म नै मुटुरोगबाट विश्वभर मर्नेको संख्या बर्सेनि २ करोड ५० लाख पुग्ने देखिएको छ। मुटुरोगको यही क्रम बढ्दै जाने हो भने नेपालमा पनि मर्ने मानिसमध्ये ५० प्रतिशत हृदयघातलगायत मुटुसम्बन्धी रोगका कारणले मात्रै मर्ने देखिन्छ। पछिल्लो समय युवा अवस्थामै मुटुसम्बन्धी समस्या देखिनु डरलाग्दो अवस्था हो। त्यसैले मुटु स्वस्थ राख्न बेला-बेलामा स्वास्थ्य परीक्षण गराउने, खानपिन र जीवनशैलीमा ध्यान दिनु जरुरी देखिन्छ।

*- मनोज भण्डारी, काठमाडौं।*

### नेपालको क्षेत्रफलबारे सरकारको धारणा के छ ?

नेपालको क्षेत्रफल १ लाख ४७ हजार १ सय ८१ वर्गकिलोमिटर भएकामा १० हजार किलोमिटर जति कम पाइएको कुरा सञ्चारमाध्यममा व्यापकरुपमा आएको छ। यस विषयमा सरकार जवाफदेही हुनुपर्नेमा मौन देखिएको छ। यो १० हजार वर्गकिलोमिटर क्षेत्र कुन हो, स्पष्ट हुन सकेको छैन। यसबारे तत्काल जनतालाई औपचारिक रुपमा जानकारी दिने दायित्व सरकारको हो। यसमा सरकारले आफ्नो धारणा सार्वजनिक गर्नुपर्ने देखिन्छ।

अब भौगोलिक अखण्डताका लागि गठित राष्ट्रिय सेना र हाल सीमा सुरक्षाको निगरानीमा खटिएको सशस्त्र प्रहरीको औचित्यबारे प्रश्न उठ्न थालिसकेको छ। यस विषयमा सरकार सधैंजसो मौन हुने गरेको छ। जसका कारण नेपालीको सार्वभौमता खतरामा परेको छ। नेपालमा यस्ता समस्याले सुनुवाइ नपाउनुमा लम्पसारवाद र विस्तारवादसँगको अनैतिक सम्बन्ध नै हो भन्नेमा दुईमत छैन। हराएको भूमि खोजी गरी अन्यत्र परेको भए फिर्ता गराउन पहल गरियोस्।

*- दिलीप मानन्धर, रसुवा।*

## सामाजिक सञ्जाल



तिमीलाई जीवनमा 'ठूलो' मान्छे बन्नु छ भने पहिले 'साना' मान्छेका कुरा सुन।

**Lenin Banjade**
**@lendaai**



जिन्दगीमा त्यस्ता किसिमका मान्छेहरूसँग मात्र संगत गर्नुस्, जसले अरू केही नभए पनि सुझाव-सल्लाहचाहिं गतिलो दिऊन्।

**गीता बस्नेत**
**@Gitu981**



काठमाडौंका मेयर विद्यासुन्दर शाक्यले अहिलेसम्म फोहोरको डङ्गुर नदेखेका कारण अब भने महानगरले अठार सय स्थानमा सिसी क्यामेरा जडान गर्ने भएछ।

**Laxman Gyawali**
**@LaxmanGyawali14**